## मध्यस्थता बनाम मुद्दा

- मध्यस्थतामा समयको नष्ट हुँदैन।
- मध्यस्थतामा वित्तीय लगानीको आवश्यकता हुँदैन।
- मध्यस्थताले चल्दै गरेको व्यवसाय तथा व्यक्तिगत सम्बन्धलाई सुरक्षित राख्छ।
- मध्यस्थताले दुवै पक्षका मुद्धाकारीहरूलाई लचिलोपना, रोकथाम अनि भागीदारी बनाउँदछ।

**मध्यस्थता झगड़ेका तुलनामा एउटा दुर्गामी पूर्ण सन्तुष्टको बाटो हो जहाँ समस्याहरूका समाधान हुन्छ। मध्यस्थताबाट समाधान भएका मुद्धाहरू अन्तिम स्थायी निपटारी हुन्छ, त्यसमा कुनै अपिल या पूर्णविचार हुदैन।**

## मध्यस्थता एवं समाधान परियोजना समिति

भारतका सम्मान्निय मुख्य न्यायाधिशले २००५ मा मध्यस्थता एवं समाधान परियोजना समितिको गठन गर्नु भएको हो। अदालतमा थाँतिमा रहेका मुद्धाहरूलाई सिभिल प्रक्रिया संहिताको धारा ८९ मुताविक मिलिजुली समाधान गर्न प्रोत्सान गर्नको लागी हो।

यस समितिले अदालत एकीकरण प्रतिक्रिया शुरू गऱ्यो जो धेरै सफल बन्न पुग्यो। यस सफलताद्वारा प्रेरित समितिले देशका दर्जन जति राज्यहरूमा तथा धेरै शहरहरूमा जागरूकता कार्यक्रम, यस प्रतिक्रियामा नियुक्त हुने न्यायादीशहरू को प्रशिक्षण, मध्यसथता शैशिक कार्यक्रमहरूको सञ्चालन गरेको छ।

मध्यस्थता तथा समाधान योजना समितिमा सेवा प्रदान गर्न तयार तथा इच्छुक दिल्ली, बेङ्गलुरू तथा चेन्नईका लगभग ५० विशेषज्ञ प्रशिक्षकहरू छन्।

## मध्यस्थताको परिणाम

सम्पूर्ण विश्वमै विवाद सुल्झाउने प्रक्रियामा मध्यस्थताको अतुल्नीय परिणाम रहेको छ भन्ने विषय अविवादित छ-

- बङ्गलादेशमा मध्यस्थताले समाजका गरीववर्गलाई न्याय दिलाउनमा अत्यादिक सफलता प्राप्त गरेको छ।
- अमेरिकामा मध्यस्थता विवाद समाधानको मानदण्ड हो भने मुद्दा अपवाद हो।
- इङ्गल्याण्डमा यदि विवादित दलले वैकल्पिक मध्यस्थाता विवाद सुल्झाउने प्रक्रिया अपनाउन अस्वीकार गरेमा अदालतले मुद्दाको खर्चा/प्रतिकर प्रदान गर्दैनन्।
- भारतमा मध्यस्थताले विवाद सुल्झउनमा बेङ्गुलुरू र चेन्नईमा महत्वपूर्ण परिणाम प्राप्त गरेको छ। यी दुवै शहरहरूमा धेरै मध्यस्थता केन्द्रहरू लामा समयदेखि सफलतापूर्वक कार्यरत छन्। दिल्लीका जिल्ला अदालतहरूले ३ वटा मद्यस्थता केन्द्रहरू शहरका विभिन्न स्थानहरूमा चलाइरहेका छन् जसले अहिलेसम्म १२,००० मुद्दाहरू सुल्झाएका छन् ।

मध्यस्थता औ समझौताकारी योजना समिति,
भारतका सर्वोच्च न्यायालय, नयाँ दिल्लीको
मार्गदर्शनमा निजी उपयोगका निम्ति तयार तथा प्रकाशित

S.G.P.G: 1/Com.3/ Law Deptt./20?0 Nos./16.4.12

**मध्यस्थता तथा समाधान**
**योजना समिति**
**भारतको सर्वोच्च न्यायालय**

# मध्यस्थताको ज्ञान तथा प्रोत्साहन

**अदालत एकीकृत मध्यस्थता,**
**मध्यस्थता तथा समाधान**
**योजना समितिको**
**एउटा कार्यक्रम**

## मध्यस्थता के हो?

मध्यस्थता एक स्वैच्छिक, सहकारी प्रणाली हो जहाँ एक निष्पक्ष औ तटस्थ मध्यस्थले विवादित दलहरूलाई सम्झौतामा पुग्नमा सहयोग पुऱ्याउँदछ। मध्यस्थले समाधान प्रदान गर्न वाध्य पार्दैन तर उसले विवादित दलहरूलाई आफूबीचको सबै विवादहरू परस्परमा सुल्झाउने वातावरणको सृजना गर्दछ।

मध्यस्थता विवाद सुल्झाउने एक वैक्लपिक प्रस्ताव हो। यसले दिल्ली, बेङ्गलुरू तथा चेन्नई जस्ता शहरबरूमा धेरै सफलता प्राप्त गरेकोछ। मध्यस्थताको प्रक्रियामा भाग लिएका विवादित दलहरूले यसलाई स्पष्ट एंव खुल्ला रूपले समर्थन जनाएका छन्।

**मध्यस्थताको स्वरूप:**

- यो एक संरचनात्मक प्रणाली हो जहाँ एक निष्पक्ष व्यक्तिले वशिष्ट संचारण तथा सम्झौताको तक्निक को प्रयोग गर्ने गर्दछ।
- यो विवादित दलहरूलाई परस्परको विवाद मिलाउनमा सहयोग तुल्याउने प्रणाली हो।
- यो एउटा परस्परिक समझौता प्रणाली हो जहाँ विवादित दलहरू आफूबीचको विवादलाई सुल्झाउने गर्दछन्।

## मध्यस्थ कसले गर्न सक्छन्?

कुनै व्यक्ति जसले सर्वोच्च न्यायालयको मध्यस्थता तथा समाधान समितिले निर्धारित गरेको आवश्यक ४० घण्टाको प्रशिक्षण प्राप्त गरेको छ, मध्यस्थ गर्न सक्दछन्। योग्य मध्यस्थताको रूपमा स्वीकार्य बन्नको निम्ति उसले न्यूनतम् दश वास्वाविक मध्यस्थता प्रक्रियामा मध्यस्थ रहेको हुनुपर्दछ।

## मध्यस्थता सत्रमा के हुन्छ?

१. **भूमिका**

मध्यस्थले विवादित दलहरूबीच आफूलाई परिचित गराउँछ अनि मध्यस्थता प्रक्रियाको विषयमा जनकारी प्रदान गर्दछन् तथा आफ्नो तटस्थताको बोध गराउँछन्। तिनले यसका आधारभूत नियमहरू स्पष्ट गराउँछन् औ विवाद समाधानको निम्ति गोप्य प्रक्रिया प्रारम्भ गर्दछन्।

२. **संयुक्त सत्र:**

मध्यस्थले विवादको तथ्यपूर्ण पृष्ठभूमि एवं विवादित दलहरूबीच एका-अर्काको रूचिको बारेमा जानकारी गर्दछन्। दुवै दलहरूका बिचमा सुहार्दपूर्ण संम्झौतामा पुग्नलाई वाद-विवादको वातावरण तयार पार्दछन्।

३. **ब्याक्तिगत (छुटै) सत्रहरू:-**

जदी जरूरी परेमा, मध्यस्थकारीले विवादित दलहरूलाई आफ्ना गुनासोहरू फेरी स्पष्ट पार्न लगातार जानकारी हासिँल गर्न, व्याक्तिगत तौरमा संम्झाई बुझाई गरी गोप्य जानकारी लिन अनि सुहादपूर्ण सम्झौता हासिँल गर्न हेतु सहायता प्रदान गर्दछन्।

४. **संम्झौता :**

मध्यस्थाताले संम्झौताका सर्तहरू निश्चित र स्पष्ट पार्दै संक्षिप्त गरी दुवै पक्षहरूलाई लागु गर्न बाध्य गराउनु संम्झौता / करारनामा तयार पार्दछन्।

## मध्यस्थता कसरी भिन्न प्रक्रिया हो?

१. मध्यस्थता एउटा अनौपचारिक प्रणाली हो।
२. यस प्रक्रियामा कुनै कठोर तथा ठोस नियम हुँदैनन्।
३. मध्यस्थता एक सम्पूर्ण गोप्य प्रणाली हो।
४. मध्यस्थताले विवादित दलहरूलाई आपस्तमा ब्याक्ति-ब्याक्तिका अधारमा वैचारिक वार्तालाप गर्न मदद् गर्दछ।
५. मध्यस्थता एक सम्पूर्ण स्वैच्छिक प्राणाली हो।
६. मध्यस्थताले विवादित दलहरूलाई विवाद समाधान प्रतिक्रियामा मुख्य भूमिका निर्वाह गर्न सहयोग पुऱ्याउँछ।
७. यो विवाद समाधानको एउटा सस्तो तथा शीघ्र माध्यम हो।
८. मध्यस्थता अधिकार-आधारित नभएर रूचि आधारित प्रक्रिया हो।
९. मध्यस्थाले विवादित दलहरूलाई आफ्नै शर्तहरू निर्धारित गर्ने मौका प्रदान गर्दछ।

## मध्यस्थाका फाइदाहरू

**मध्यस्थता:**

- शीघ्रगामी तथा प्रतिक्रियाशील प्रणाली हो।
- यो किफायती हो। यसमा कुनै अतिरिक्त खर्च छैन्।
- सदभावना पूर्ण समझौता।
- समाधान तथा उपायहरूको सृजना।
- गोप्य तथा अनौपचारिक।
- विवादित दलहरूद्वारा समाधान प्रतिक्रियाको नियन्त्रण।
- **अदालत शुल्क अधिनियम १८७० धारा १६ को मुताविक मध्यस्थता प्रणालीद्वारा विवादको समाधान भएमा वादीले अदालतमा जम्मा गरेको पूर्ण शुल्क फिर्ता प्राप्त गर्न सक्नेछन्।**